# इकाईका कर्मचारीहरू बीच ज्ञान आदानप्रदान कार्यक्रम

वित्तीय जानकारी इकाईले २०८० पुस १२ गते बिहीबारका दिन इकाईका कर्मचारीहरू बीच ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रममा इकाईका प्रमूख/निर्देशक सहित सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



कार्यक्रममा सहायक (सू.प्र) विवेश पोखरेलले इकाईमा हाल प्रयोगमा रहेका IT Infrastructures को बारेमा जानकारी र Record Management Software (RMS) को प्रविष्टीको प्रगति विवरणको सम्बन्धमा जानकारी दिनुभएको थियो । उप-निर्देशक केशव प्रसाद रिमालले STR र SAR को Analysis र Dissemination को प्रगति विवरण पेश गर्नु भएको थियो भने उप-निर्देशक द्वय स्वरुप श्रेष्ठ र विष्णु प्रसाद गुरागाईंले प्रस्तुत विषयबस्तुको बारेमा आफ्नो धारणा राख्नु भएको थियो ।



उक्त कार्यक्रममा सहभागीहरुले राखेका जिज्ञासा र सुझाव प्रति आफनो धारणाका साथै STR र SAR Analysis र Dissemination को संख्यात्मक र गुणात्मक वृद्धिमा जोड दिनु पर्ने र यसमा वित्तीय जानकारी इकाईको भूमिका बारे इकाई प्रमुख/निर्देशक श्री दीर्घ बहादुर रावलले जानकारी दिनुभएको थियो ।